## बकैया गाउँकार्यपालिकाको मिति २०७६।१२।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. लघु उद्यम विकास रणनीतिक योजना सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले पाँच वर्षिय आवधिक योजना निर्माण गर्दै रहेको सन्दर्भमा लघु उद्यम विकास रणनीतिक योजना समेत आवश्यक रहेकोले लघु उद्यम विकास रणनीतिक योजना निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै उक्त रणनीतिक योजना निर्माणको लागि आवश्यक बजेट लगायत प्राविधिक सहयोगका लागि घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**२. विद्युत विस्तार योजना कार्यान्यन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आव २०७६।७७ को वार्षिक स्वीकृत कार्यक्रममा विद्युत विस्तार शिर्षकमा रकम विनियोजन गरिएको तथा गाउँपालिकाको विभिन्न भुभागमा विद्युत विस्तारको आवश्यकता रहकोमा विद्युत विस्तार कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

**३. अर्थिङ सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका चटयाङ्ग प्रभावित क्षेत्र भएकोमा गाउँपालिकाका विभिन्न क्षेत्रमा अर्थिङ्ग टावर निर्माण गर्नु आवश्यक रहेकोले विपद व्यवस्थापन कोषको रकमबाट तपशिल बमोजिम स्थानहरुमा अर्थिङ्ग टावर निर्माण गर्ने निर्णय गरियो ।

**तपशिल:**

| वडा | स्थान | संख्या |
|---|---|---|
| १ | महादेव डाँडा | १ |
| २ | सरस्वती | १ |
| ३ | चम्पाखहरे | १ |
| ४ | बागभैरव स्कुल थली | १ |
| ५ | देउराली, तीनतले | २ |
| ६ | ठुलो सुधा, वडा कार्यालय रहेको स्थान, साततले | ३ |
| ७ | अँधेरी, कत्लेखोला, मामदमार | ३ |
| ८ | अर्नाथुम्का डाँडा | १ |
| ९ | भालुखोलाको डाँडा | १ |
| १० | देउवुजे डाँडा, मन्थली डाँडा | २ |
| ११ | सिमात, सिरुडाँडा, गमलटार | ३ |
| १२ | ठिङ्गन डाँडा घलेगाउँ, सिम्पानी, कोलखोप | ३ |
| | जम्मा | २२ |

**४. वडा नं. २ को पुरानो स्वास्थ्य चौकी भवनका सामानहरु लिलाम विक्री सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा वडा नं. २ मा रहेको पुरानो स्वास्थ्य चौकी भवन जिर्ण भएको तथा सडक निर्माणको कारण उक्त स्वास्थ्य चौकी भत्काउनुपर्ने अवस्था रहेकोमा स्वास्थ्य चौकीका

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

...मोदर खनाल

सामाग्रीहरु (काठ, ईटा, जस्ता) लिलामविक्रीका लागि वडा कार्यालयबाट न्यूनतम मूल्यांकित रकम सहित अनुमतीका लागि सिफारिश गरिएकोमा उक्त लिलाम विक्रीको कार्यका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**५. वडा कार्यालयहरुको विविध तथा अतिथी सत्कार खर्च सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा वडा कार्यालहरुको विविध तथा अतिथी सत्कार खर्च तपशिल बमोजिम नबढ्ने गरी उलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | वडाहरु | विविध तथा प्रशासनिक खर्च | | कैफियत |
|---|---|---|---|---|
| | वडा नं ३, ४, ५ | रु. ४,०००।- | रु. ६,०००।- | |
| | बाँकी वडाहरु | रु. ३,५००।- | रु. ५,०००।- | |

नोट :-अतिथि सत्कार लगायतका विविध खर्चको भुक्तानी सम्बन्धीत वडाको सिफारिसमा बिल भरपाइ सहित गाउँपालिकामा भुक्तानी माग भए पश्चात नियमानुसार भुक्तानी गरिनेछ ।

**६. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस आ व मा प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट तपशिल बमोजिम संचालन गर्ने निर्णय गरियो ।

- सशर्त अनुदान कार्यान्वयन शर्तहरुका आधारमा बकैया गाउँपालिकाको लागि स्वीकृत ४५ वटा योजनाहरुबाट प्रत्येक वडामा कम्तीमा १/१ वटा कार्यक्रम सञ्चालन हुने गरी क्रमश पहिले नम्बरमा परेको योजनाहरुबाट कार्यक्रम सञ्चालन
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयेजनाको लागि प्राप्त सशर्त अनुदान बकैया गाउँपालिका अन्तर्गत १२ वटा वडाहरुबाट प्राप्त योजना, बेरोजगारको सख्यालाइ मुख्य आधार मानी तपसिल बमोजिमको बेरोजगारको सख्याको आधारमा तपसिल बमोजिम रकम बाँडफाँड गर्ने

| सि न | बेरोजगारको सख्या | बाँडफाँड रकम |
|---|---|---|
| १ | १००-२०० | ४०००००.०० |
| २ | २००-३०० | ४२५०००.०० |
| ३ | ३००-४०० | ४५००००.०० |
| ४ | ४००-५०० | ५५००००.०० |
| ५ | ५०० भन्दा माथि | ६३२५००.०० |

- वडा नम्बर २ को *सरस्वती टङटङ सडक नाली खन्ने काम* योजना गाउँपालिकाको टेण्डरबाट कार्य भइ रहेको हुँदा त्यस पछिको क्रमश अरु योजनाहरु सञ्चालन गर्ने

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

...मोदर खनाल
...अध्यक्ष

- वडा नम्बर ४ को *सानेथली माझीखोला लामीडाँडा सडक नाली खन्ने काम* योजना गाउँपालिकाको टेण्डरबाट कार्य भइ रहेको हुँदा त्यस पछिको क्रमश अरु योजनाहरु सञ्चालन गर्ने
- वडा नम्बर ६ को *सुधा ज्यामिरे गडवन सडक मर्मत* योजना गाउँपालिकाको टेण्डरबाट कार्य भइ रहेको हुँदा त्यस पछिको क्रमश अरु योजनाहरु सञ्चालन गर्ने
- वडा नम्बर १० को *सेरोफाँट तथा डुम्रेफाँट सिचाइ* योजनाको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन),कार्यविधि २०७६ बमोजिम बढीमा २५% को बाह्य सामाग्रीखरिद गरी कम्तीमा ७०% श्रमिक ज्याला दिने र बाँकी अपुग रकम गाउँपालिकाको योजनाको बजेटबाट खर्च गर्ने
- वडा नम्बर ११ को योजनाको क्रम सख्या १ र २ एउटै ठाँउ (आहालडाँडा) मा परेको र त्यस पछिको अर्को योजना सञ्चालन गर्न बजेट पनि नभएको हुँदा क्रम सख्या १ को योजना र ३ को घट्टेपाखा सिमात सिढि बाटो निर्माण योजनाहरु सञ्चालन गर्ने

**७. रोजगार संयोजकको म्याद थप सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको **रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५** बमोजिम करार नियुक्त भई यस गाउँपालिकामा कामकाजका लागि आउनुभएका रोजगार संयोजक श्री रामचन्द्र खड्काको मिति २०७६।११।२४ गतेदेखि अवधि सकिएको र निजको कार्यसम्पादन सन्तोषजनक पाइएको तथा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेकोमा **रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** बमोजिम निजको करार सेवा अवधि २०७६।११।२४ देखि लागु हुने गरी २०७७ असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**८. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी गरिएको पत्रानुसार नेपाल सरकारबाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ मा व्यवस्था भए बमोजिम निर्देशक समितिले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका परियोजनाहरु सञ्चालन गर्न इच्छुक सार्वजनिक विद्यालयहरुबाट बढीमा २५ लाख रुपैयाँसम्मको प्रस्ताव आह्वान गर्ने गरी निर्णय गरे अनुरुप परियोजना सञ्चालन गर्न इच्छुक विद्यालयहरुले चालु आर्थिक वर्ष (२०७६/०७७) भित्रै सम्पन्न गर्न सकिने कार्यक्रममा दोहोरोपना नभएको र शिक्षण सिकाइलाई प्रत्यक्ष सहयोग पुर्याउने प्रकृतिका देहायका प्राथमिकताका क्षेत्रहरुबाट यस पालिका अन्तर्गतका तपसिलका विद्यालयहरुले पेश गरेका प्रस्तावनाका आधारमा कार्यक्रमम उपलब्ध गराइ सहयोग गरिदिनुहुन सिफारिस साथ अनुरोध छ।

तपशील

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

| क.स. | विद्यालयको नाम/ठेगाना | परियोजनाको नाम | अनुमानित लागत | कार्यान्वयन अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री महेन्द्र मा.वि.,बकैया-४,मकवानपुर | विद्यालय रङरोगन | ७००००० | २०७७ असार मसान्त सम्म | |
| | | वाससिहतको शौचालय | १५००००० | | |
| | | smart board सुविधाको विस्तार | ३००००० | | |
| २ | श्री कर्मप्रासि मा.वि. ,बकैया-५,कर्मचुली | हरित विद्यालय ,वातावरणीय सुधार एवम् विद्यालय रङरोगन | ३०४५३०७.८० | २०७७ असार मसान्त सम्म | |
| ३ | श्री कालिदेवी मा.वि., बकैया-९, कुडुल्ले | माध्यमिक गणित, अँग्रेजी शिक्षक व्यवस्थापन | ९८३७४०.०० | निरन्तर | |
| | | कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला | ८०००००.०० | २०७७ असार मसान्त सम्म | |
| | | इन्टरनेट सुविधाको विस्तार/smart board सुविधाको विस्तार | ७१६२६०.०० | | |
| | | जम्मा | २५०००००.०० | | |
| ४ | बुद्द मा.वि., बकैया-३, मकवानपुर | विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन | ६५०००० | २०७७ असार मसान्त सम्म | |
| | | सुचना प्रविधि तथा कम्प्युटर | ६५०००० | | |
| | | पुस्तकालय | ६५०००० | | |
| | | वाससिहतको शौचालय | ७००००० | | |
| ५ | श्रीजनक मा.वि.,बकैया-७, मकवानपुर | अधुरो भवन निर्माण | २५००००० | २०७७ असार मसान्त सम्म | |
| ६ | श्री प्रभात मा.वि., बकैया- | कम्प्युटर ल्याब | १७७५००० | २०७७ असार | |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | ५, मकवानपुर | विज्ञान प्रयोगशाला | १२७५००० | मसान्त सम्म | |
| ७ | श्री प्रसिद्ध मा.वि. | इन्टरनेट/ स्मार्ट बोर्ड | १०००००० | २०७७ असार मसान्त सम्म | |
| | | पुस्तकालय सञ्चालन | १०००००० | | |
| | | मा.वि. गणित शिक्षक | ४६७९८७ | निरन्तर | |
| ८ | कान्ति मा.वि., बकैया-१२, मकवानपुर | खेल मैदान | २७५७३२४ | २०७७ असार मसान्त सम्म | |
| | | शौचालय (Changing Room) | १५००००० | | |
| | | विज्ञान प्रयोगशाला | ६५०००० | | |
| | | | | | |
| ९ | श्री गीतावर आधारभूत विद्यालय,बकैया-५, मकवानपुर | हरित विद्यालय वातावरणीय सुधार | ११००००० | २०७७ असार मसान्त सम्म | जनसहभागिताबाट बेहिरिने ३००००० |
| | | खेल मैदान सुधार | १२००००० | | |
| | | सिकाइ क्षमता अभिवृद्धि | ५००००० | | |

**९. बकैया र सिमात खोलाको गुरुयोजना सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया र सिमात नदिलाई जुईना देखि बकैया नदि हात्तीसुँडेसम्म र सिमात दोभान देखि सिमात नदि रमिते फाँटसम्म दुवै तिर बाट बाँध हाली नदिको तटबन्धन गराई खेतीयोग्य जमिनको संरक्षण गर्नको लागि योजनाबद्ध कार्यक्रम लागू गर्ने र यस कार्यको सहजिकरणका लागि वडा नं. ४ का वडा अध्यक्ष श्री राजन दंगाललाई जिम्मा दिने निर्णय गरियो ।

**१०. फास्ट ट्र्याकमा काम गर्ने ठेकेदारबाट कर संकलन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा तराई मधेश द्रुत मार्ग (फास्ट ट्र्याक) को निर्माण कार्य भईरहेको र यस गाउँपालिका भित्रका विभिन्न निर्माण व्यवसायीहरुले काम गरिरहेकोमा गाउँपालिकाको राजश्व वृद्धि गर्नको लागि उक्त कार्यमा आवश्यक ढुङ्गा गिट्टि वालुवाको इस्टमेट मगाई निजहरुलाई करको दायरामा ल्याउने निर्णय गरियो ।

**११. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका चुरे क्षेत्र अन्तर्गत बकैया खोला प्रणाली अन्तर्गत रहेको पहिरो तथा नदि कटानको समस्या रहेको साथै भुमिगत सिँचाईको आवश्यकता समेत रहेकोमा यस

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई भरतपुर चितवनलाई सिफारिश गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

विरेफाँट वडा नं. ८

चम्पाखहरे वडा नं. ३

हिरामुनी पुच्छर वडा नं. ७

जुरेली पुल माथि वडा नं. ४

जुरेली पुल मुनि वडा नं. ४

श्रीपुर पहिरो वडा नं. ५

लोहाजोर पहिरो/ तिनकुने वडा नं. ३

मैमाछा पहिरो वडा नं. ७

देउराली पोखरी वडा नं. ५

डेउडी गोसाइदमार वडा नं. ५

जुइना वस्ती नियन्त्रण वडा नं. ६

जुनेली वस्ती वडा नं. ६

सिमातखोला श्रीपुर फाँट सिँचाई कर्मचुली सिँचाई वडा नं. ५

सुख्खा खहरे वडा नं. ७

कत्लेखोला तिनकन्या वडा नं. ७

कर्मचुली बकैया खोला दाँयाबाँया ५-७

**<u>१२.</u> प्रदेश समपुरक अनुदानको योजना कार्यान्वयन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश समपुरक अनुदानका योजना संचालनको क्रममा टेण्डर आव्हान गरिएकोमा उक्त योजनाहरुमध्ये दोभान सानो हाँडी सडक योजनाको बजेट रकम बाँकी रहन गएकोले प्रदेश सरकारबाट प्राप्त हुने रकममध्ये बाँकी रकमलाई उपभोक्ता समिती मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष